(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समय एक वर्षको हुने छ। निर्माण सम्पन्न भएपछि सो अवधि सम्म रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिनुपर्नेछ। तर गाउँपालिका संग भएको सम्झौता अनुसार समयमा कार्य सम्पादन नगर्ने समितिलाई गाउँपालिकाले सिधै भङ्ग गरी नयाँ उपभोक्ता समिति गठन गरी वा अन्य प्रक्रियाबाट निर्माण कार्य सम्पन्न गर्नेछ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा सडक सिचाई उपभोक्ताहरुले न्यूनतम पन्ध्र प्रतिशत र भवन निर्माण उपभोक्ताले दश प्रतिशत नगद वा श्रमदान गर्नुपर्नेछ।

२२. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने:** (१) गाउँपालिकाले पूर्वाधार निर्माण वा मर्मत सम्वन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका वा अन्य निर्माण व्यवसायीहरुलाई व्यवसीयक रुपमा दर्ता गर्न सक्नेछ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा(२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित गाउँपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण ब्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ।

उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नवीकरण गु पर्नेछ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्ने छ :

(क) न्यूनतम रु. १० लाख सम्मको चालू पूँजी देखाई गाउँपालिकामा ब्यवसाय दर्ता भएको

(ख) ब्यक्ति वा ब्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु. ५ लाख सम्म वैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ५ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको।

(घ) नयाँ व्यवसायीको हकमा पहिलो आर्थिक वर्षका लागि माथि खण्ड (ख) मा लेखिएको मापदण्ड लागु हुने छैन।

२३. **स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइने :** (१) गाउँपालिकाले दफा २२ वमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत काम गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिष्पर्धाका आधारमा छनोट गर्नु पर्नेछ।

(३) गाउँपालिका अन्तर्गत हुने निर्माण कार्यको प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेछ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उप करार गर्न सकिने छैन। कुनै कारणवश आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँपालिकालाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्वन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ।

